# जिल्ला विकास समिति, सिन्धुली
## आ.व. ०७२/०७३ को बजेट सिलिङ्ग

रु. हजारमा

| क्र.सं. | कार्यक्रमको नाम | चालू | पूँजि | जम्मा |
|---|---|---|---|---|
| १ | बौद्ध दर्शन प्रवर्धन तथा गुम्बा विकास समिति | ० | ८०० | ८०० |
| २ | आदीवासी जनजाति उत्थान प्रजा समेत | ३०० | ० | ३०० |
| ३ | उपेक्षित, उत्पिडित तथा दलित वर्ग उत्थान तथा विकास कार्यक्रम | ५८० | ० | ५८० |
| ४ | पिछडिएको समुदाय उत्थान विकास समिति | १०० | ० | १०० |
| ५ | जिल्ला विकास समिति अनुदान | ३५१४६ | १६५२१ | ५१६६७ |
| ६ | गाउँ विकास समिति अनुदान | २७८८८ | ९३१५९ | १२१०४७ |
| ७ | नगरपालिका अनुदान | ० | २१२४१ | २१२४१ |
| ८ | ग्रामिण खानेपानी तथा सरसफाई आयोजना | २२८० | ५३२० | ७६०० |
| ९ | ग्रामिण पुनः निर्माण तथा पुनर्स्थापना कार्यक्रम | १००० | ३६५०० | ३७५०० |
| १० | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | ० | ९५०० | ९५०० |
| ११ | झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम | ० | ११६८६ | ११६८६ |
| १२ | स्थानीय विकास शुल्क कोष | ६६०१ | ८३३८ | १४९३९ |
| १३ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | ५३९६५ | ० | ५३९६५ |
| १४ | साना सिंचाई नदी नियन्त्रण तथा अन्य पूर्वाधार | ० | ५००० | ५००० |
| १५ | सुनौला हजार दिन | ५५८९९ | ० | ५५८९९ |
| १६ | स्थानीय सडक सुधार कार्यक्रम | २१७३ | ११३८४६ | ११६०१९ |
| १७ | साना सिंचाई कार्यक्रम | ९०० | ९५००० | ९५९०० |
| १८ | आन्तरिक कोष | १५००० | ३६००० | ५१००० |
| | **जम्मा** | **२०१८३२** | **४५२९११** | **६५४७४३** |

# आ.व. ०७२/०७३
# को
# जिल्ला विकास योजना तर्जुमाको लागि

# जिल्लास्थित स्थानीय निकायहरु एवं विकास साझेदारहरुले
# अवलम्बन गर्नुपर्ने मार्ग निर्देशन
# तथा
# योजना प्राथमिकीकरणका आधारहरु

जिल्ला विकास समिति, सिन्धुली

## मार्ग निर्देशन

जिल्ला विकास समिति सिन्धुलीले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९५ मा व्यवस्था भएको “प्रत्येक जिल्ला विकास समितिले आफ्नो जिल्लाको विकासका लागि आवधिक र वार्षिक विकास योजना तर्जमा गर्नु पर्नेछ” भन्ने प्रावधान आत्मसात गर्दै ऐनकै दफा १९७ ले निर्दिष्ट गरेको सहभागितामूलक योजना तर्जुमा प्रकृया अवलम्बन गर्दै आइरहेको छ । आ.व. ०७२/०७३ को लागि योजना तर्जुमा गर्दा स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १९५ को उपदफा ५ मा व्यवस्था भएको वार्षिक योजना तर्जुमा गर्दाका निम्नलिखित कुराहरुलाई प्रमुख रुपमा आधार लिनु पर्ने छ :-

क) राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालयबाट प्राप्त निर्देशनहरु ।

ख) राष्ट्रिय लक्ष्य तथा नीतिका आधारमा तय गरिएका जिल्लास्तरीय नीति तथा लक्ष्यहरु ।

ग) आवधिक योजनाले परिलक्षित गरेका समष्टिगत आवश्यकताहरु ।

घ) गाउँ परिषद् र नगर परिषद्बाट प्राप्त योजनाहरु ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ मा व्यवस्था भएको योजना तर्जुमाका यी माथिका आधारहरुका अतिरिक्त निम्न लिखित पक्षहरुलाई अबलम्बन गर्दै जिल्ला परिषद्सम्म जिल्ला विकास योजनालाई पुऱ्याउन सहयोग एवं सहजिकरण गर्नु पर्ने छ :-

१) गाउँ विकास समिति वा नगरपालिकाले आफ्नो लागि साधनको अनुमान गर्दा आफ्नो क्षेत्र भित्रका विकास साझेदार संघ सस्थाहरुको साधन र श्रोतको समेत अनुमान गर्नु पर्ने छ ।

२) जिल्ला भित्रका विषयगत कार्यालय, राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरु, निजी निकायहरुले आफ्नो बजेट तथा कार्यक्रमलाई स्थानीय निकायको योजना तर्जुमा पद्धतिमा आवद्ध गर्नु पर्नेछ ।

३) नागरिक सचेतना केन्द्रबाट आवश्यक भनी वडा नागरिक मञ्चबाट पारित भएका योजनाहरुलाई उच्च प्राथमिकतामा राखि गाउँ विकास योजना तथा जिल्ला विकास योजनामा समावेश गर्नु पर्नेछ ।

४) योजना तर्जुमा प्रकृया बढी भन्दा बढी सूचना सहितको सहभागितामा आधारित हुनु पर्नेछ । एकीकृत योजना तर्जुमा समितिमा व्यवस्था भएका सम्पूर्ण सदस्यको अर्थपूर्ण सहभागितामा उनिहरुले पास गरेपछि मात्र सम्बन्धित स्थानीय निकायको परिषद्मा छलफलको लागि पेश गर्नु पर्नेछ ।

५) जिल्लाका सम्पूर्ण गाउँ विकास समितिहरु तथा नगरपालिकाले योजना तर्जुमा पद्धतिका विभिन्न चरणहरु निर्धारित समयसिमा भित्र र ऐन, नियम तथा विभिन्न कार्यविधिहरुले व्यवस्था गरेका प्रकृयाहरुको अनिवार्य पालना गर्नु पर्नेछ ।

## योजना प्राथमिकीकरणका आधारहरु

जिल्लाका प्रत्येक स्थानीय निकायहरुले योजना प्राथमिकीकरण गर्दा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २०१ वमोजिम तपशिल वमोजिमका कार्यक्रमलाई प्रमुख रुपमा प्राथमिकता दिनु पर्नेछ :-

क) सर्वसाधारण जनतालाई तत्काल प्रत्यक्ष फाइदा पुग्ने तथा रोजगार प्रवर्द्धन हुने र आयमूलक कार्यक्रमहरु ।

ख) कृषि उत्पादन बृद्धि गर्न सघाउ पुग्ने कार्यक्रमहरु ।

ग) स्थानीय सीप र क्षमताको परिचालनबाट संचालन हुन सक्ने कार्यक्रमहरु ।

घ) वातावरण संरक्षणमा सघाउ पुऱ्याउने कार्यक्रमहरु ।

ङ) पिछडिएको तथा उत्पिडित जाति, जनजाति एवं महिला र बालबालिकाको लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरु ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले व्यवस्था गरेको योजना प्राथमिकताका माथि प्रस्तुत भएका आधारहरुका अतिरिक्त जिल्लाका स्थानीय निकायहरुले आफ्नो क्षेत्र भित्रका साधन र श्रोतको बढी भन्दा बढी संयोजन गरी उपलब्ध क्षमता, परिवेश र भौगोलिक विकटतालाई आत्मसात गरेर अन्य तपशिल वमोजिमका क्षेत्रगत प्राथमिकताका आधारमा योजना तर्जुमा गर्नु पर्नेछ ।

१) कृषि विकास तथा आय आर्जन सम्बन्धी :

- ग्रामीण कृषि प्रसार सम्बन्धी सेवा उपलब्ध हुने खालका परियोजनाहरु ।
- कृषि उपजको लागि बजार व्यवस्थापनसँग जोडिएका परियोजनाहरु ।
- जनताको आयआर्जनमा सहयोगी कार्यक्रमहरु ।
- कृषि सामाग्रीको दिगो आपुर्तिलाई सहज पार्ने कार्यक्रमहरु ।

२) ग्रामिण खानेपानी तथा वस्ति विकास सम्बन्धी :

- खानेपानी तथा पूर्ण सरसफाई प्रवर्धन गर्न सहयोग पुऱ्याउने कार्यक्रमरु ।
- खुल्ला दिसा मुक्त गाविस, न.पा. बनाउन सहयोग पुऱ्याउने कार्यक्रमहरु ।
- स्थानीयस्तरका पानीका मुहानहरुको संरक्षण तथा Recharge Mechanism प्रवर्धन हुने कार्यक्रमहरु ।

३) जलविद्युत सम्बन्धी :

- साना जलविद्युत, सौर्य उर्जा तथा अन्य उर्जा विकास, प्रयोग तथा मर्मत सम्भार सम्बन्धी परियोजनाहरु ।

४) निर्माण तथा यातायात सम्बन्धी :

- आफ्नो क्षेत्र भित्रका गोरेटो, घोडेटो लगायत अन्य सडकहरुको मर्मत सम्भार सम्बन्धी कार्यक्रमरु ।

५) शिक्षा तथा खेलकुद सम्बन्धी :

- आफ्नो क्षेत्रभित्र मातृभाषामा प्राथमिकस्तरको पठनपाठन संचालन गर्न सहयोगी कार्यक्रमरु ।
- आफ्नो क्षेत्रभित्रको विद्यालयहरुको रेखदेख, सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु ।
- खेदकुदहरु संचालन गर्ने कार्यक्रमहरु ।
- पुस्तकालयको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु ।
- प्रौढ शिक्षा र अनौपचारिक शिक्षा संचालन एवं व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु ।

- आर्थिक रुपले पिछडिएका हरुको बालबालिकाको लागि शिक्षाम पहुँच पुऱ्याउन सहयोगी कार्यक्रमहरु ।

६) सिंचाई र भू-क्षय तथा नदी नियन्त्रण सम्बन्धी :

- आफ्नो क्षेत्रभित्र सिंचाई, कुलो तथा नदी नियन्त्रणमा दिगो सहयोग पुऱ्याउने कार्यक्रमरु ।

७) भौतिक विकास सम्बन्धी :

- गाउँ विकास समिति वा नगरपालिका भित्रको भू-उपयोग सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनमा सहयोग पुऱ्याउने परियोजनाहरु ।
- सामुदायिक भवन तथा सार्वजनिक विश्राम गृह निर्माण सम्बन्धी कार्यक्रमहरु ।
- बसोबास क्षेत्रहरुमा आवश्यक ढलको व्यवस्थापन गर्ने सम्बन्धी कार्यक्रमहरु ।

८) स्वास्थ्य सेवा सम्बन्धी :

- गाउँ विकास समिति वा नगरपालिका भित्रको स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ।
- स्वास्थ्य, तथा मातृ शिशु कल्याण सम्बन्धी सचेतना कार्यक्रम संचालन सम्बन्धी परियोजनाहरु ।
- स्थानीय स्तरमा जडिबुटी विकास तथा उत्पादन सम्बन्धी कार्यक्रमहरु ।

९) वन तथा वातावरण सम्बन्धी :

- वृक्षारोपण सम्बन्धी परियोजनाहरु ।
- वन, वनस्पति र जैविक विविधता संरक्षण सम्बन्धी कार्यक्रमहरु ।

१०) भाषा र संस्कृति तथा पर्यटन विकास सम्बन्धी :

- विभिन्न भाषा, धर्म तथा संस्कृतिको संरक्षण तथा विकास सम्बन्धी कार्यक्रमहरु ।
- स्थानीयस्तरमा भएका विभिन्न धार्मिक मठमन्दिर, पाटीपौवा तथा धर्मशालाहरुको संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्यक्रमहरु ।
- स्थानीयस्तरमा उपलब्ध पर्यटकीय क्षेत्रहरुको संरक्षण, सम्बर्द्धन, विकास र प्रचारप्रसार सम्बन्धी कार्यक्रमहरु ।

११) बैदेशिक रोजगार सम्बन्धी :

- सुरक्षित बैदेशिक रोजगारका लागि सीप विकास, सचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरु ।
- विप्रेषणको सही उपयोग बढावा गर्ने सचेतना कार्यक्रमरु ।

१२) सामुदायिक मेलमिलाप सम्बन्धी :

- स्थानीयस्तरमा विवाद समाधान गर्ने क्षमता विकासका कार्यक्रमहरु ।
- विवाद समाधानका अनौपचारिक संयन्त्रहरुको स्थापना र सञ्चालन सम्बन्धी कार्यक्रमरु ।